# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७९/८०

त्रि.वि.बाट सम्बन्धनप्राप्त

**अछाम बहुमुखी क्याम्पस**

**स्थापित २०४८**

Website : www.achhamcampus.edu.np.

E-mail: info@achhamcampus.edu.np

# वार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति

**संयोजक**

ध्रुव कुमार शाही

**<u>सदस्यहरु</u>**

मान बहादुर बुढा

हरकसिङ धामी

झपट कुमार केसी

उदयराज ढुङ्गाना

प्रेम प्रशाद ढुङ्गाना

शिवराज ढुंगाना

भरत कुमार केसी

शेर बहादुर धामी

सुरत बहादुर बोहरा

**व्यवस्थापन समितिबाट अनुमोदन मितिः २०८०/०८/२१**

# कार्यकारी सारांश (Executive Summary)

सर्वसुलभ गुणात्मक र समय सुहाउँदो स्तरयुक्त शिक्षाको अवसर उपलब्ध गराउन विक्रम सम्वत २०४८ सालमा समुदायस्तरबाट स्थापित एवम् विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA.) कार्यक्रममा रहेको अछाम बहुमुखी क्याम्पसले आफ्नो स्थापना कालदेखि यसले महत्वपूर्ण शैक्षिक भूमिका निर्वाह गर्दै आइरहेको छ । २०४८ सालमा वाणिज्य संकाय अन्तरगत प्रमााणप्रत्र तहको पठनपाठनबाट शुरुवात भएको अछाम बहुमुखी क्याम्पसमा २०६२ सालमा  वाणिज्य संकायमा स्नातक तथा २०६३ सालमा शिक्षाशास्त्र संकाय स्नातकमा पढाइ प्रारम्भ गरिएको थियो । २०७५ सालमा स्नातकोत्तर तहतर्फ एमएड, २०७७ सालमा  एमविएसका कक्षाहरु सञ्चालन हुँदै आएका छन् । यसरी हाल क्याम्पसमा एमविविएस, एमएड., विविएस, विएडका कक्षाहरु सञ्चालन भएर पठनपाठन हुँदै आएका छन् । क्याम्पसमा हाल ६ जना सह प्राध्यापक, ६ जना शिक्षण सहायक गरी १२ जना पूर्णकालीन प्राध्यापकहरु र १० आशिक प्राध्यापक गरी जम्मा २२ जना कार्यरत रहेका छन् ।

शैक्षिक सन् २०१९/०२० को तथ्याङ्कलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा कूल ५०५ जना विद्यार्थीहरु वार्षिक परीक्षामा समावेश भएकोमा ७५ जना उत्तिर्ण भएको देखिन्छ । समष्टिगत रुपमा उत्तिर्ण प्रतिशत १४.८५% रहेको देखिन्छ । तहगत रुपमा उत्तिर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातकतर्फ सबैभन्दा बढी (३२.८९%)  विद्यार्थी वाणिज्यतर्फ उत्तिर्ण भएको देखिन्छ भने सबैभन्दा कम (११.६५%) शिक्षाशास्त्र संकायतर्फ उत्तिर्ण भएको देखिन्छ । शैक्षिक सन् २०२०/०२१ को तथ्याङ्कलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा कूल ७७०  जना विद्यार्थीहरु मध्ये वार्षिक परीक्षामा समावेश भएकोमा ७०३ जना उत्तीर्ण भएको देखिन्छ । समष्टिगत रुपमा उत्तीर्ण दर १६.२२%  रहेको देखिन्छ, जुन पहिलो शैक्षिक सत्रको तुलनामा करीब १.३७% प्रतिशत वृद्धि हो तहगत रुपमा उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातक तर्फ सबैभन्दा बढी विद्यार्थी विविएसतर्फ (२५%) उत्तीर्ण भएको देखिन्छ भने सबैभन्दा कम शिक्षाशास्त्र संकायतर्फ बिएड (१२.९३%) रहेको देखिन्छ ।

शैक्षिक सन् २०२१/०२२ को तथ्याङ्कलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा कूल ८११  जना विद्यार्थीहरुमध्ये वार्षिक परीक्षामा समावेश भएकोमा ३५६ जना उत्तिर्ण भएको देखिन्छ । समष्टिगत रुपमा उत्तीर्ण दर ४३.८९% रहेको देखिन्छ । जुन पहिलो शैक्षिक सत्रको तुलनामा करिब २७.६७% प्रतिशत वृद्धि हो तहगत रुपमा उत्तिर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातकतर्फ सबैभन्दा बढी (२५%) विद्यार्थी विविएसतर्फ उत्तिर्ण भएको देखिन्छ भने सबैभन्दा कम (१२.९३%) शिक्षाशास्त्र संकायतर्फ विएडमा उत्तिर्ण भएका छन्  ।

अछाम बहुमुखी क्याम्पसको शुल्क आयलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/०७७ मा रु. ८३ लाख ९० हजार ३ सय २६ रुपैया ३७ पैसा, आर्थिक वर्ष २०७७/०७८ मा रु. ७७ लाख ९६ हजार ६ सय ७८ रुपैया र आर्थिक वर्ष २०७८/०७९ मा रु. १ करोड ६० लाख ६८ हजार ९ सय ४० रुपैया संकलन भएको थियो । अन्य आम्दानी आर्थिक वर्ष २०७६/०७७ मा ३  लाख ३९ हजार ८ सय ६८ रुपैया ८४ पैसा, आर्थिक वर्ष २०७७/०७८ मा १ लाख ८१ हजार ७ सय ३७ रुपैया ७० पैसा र आर्थिक २०७८/०७९ मा ३ लाख २२ हजार ४ सय १६ रुपैया  प्राप्त हुन गएको छ । भने अन्य वर्षको तुलनामा सो रकम कम हो । यसरी कूल आम्दानीमा करिब ९८ प्रतिशत विद्यार्थीको शुल्क योगदान रहेको छ भने २ प्रतिशत मात्र अन्य श्रोतबाट आयआर्जन भएको देखिन्छ ।

आर्थिक वर्ष २०७६/०७७ मा विश्वविद्यालय अनुदान आयोगबाट रु. ३४ लाख ७१ हजार ९ सय ५८ रुपैया ३३ पैसा प्राप्त भएको थियो । आर्थिक वर्ष २०७७/०७८ मा विश्वविद्यालय अनुदान आयोगबाट रु. ९० लाख १२ हजार १ सय ४३

रुपैया ९७ पैसा प्राप्त भएको थियो । आर्थिक वर्ष २०७८/०७९ मा विश्वविद्यालय अनुदान आयोगबाट रु. ६९ लाख ७५ हजार प्राप्त भएको थियो । यसरी सरकारी निकायबाट अछाम बहुमुखी क्याम्पसलाई प्राप्त हुने योगदान करिब ४३ प्रतिशत देखि ६६ प्रतिशतको हाराहारीमा मात्र प्राप्त भएको देखिन्छ ।

अछाम बहुमुखी क्याम्पसको आयको मुख्य स्रोत विद्यार्थीहरुबाट संकलन गरिने शुल्क हो भने खर्चको मुख्य क्षेत्र क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको तलब भएको छ । तलब शीर्षकमा आर्थिक वर्ष २०७६/०७७ मा रु. ७५ लाख ९१ हजार ९ सय ४७ रुपैया, आर्थिक वर्ष २०७७/०७८ मा रु. ८४ लाख ७८ हजार ४ सय ७४ रुपैया र आर्थिक वर्ष २०७८/०७९ मा रु. ८७ लाख ६८ हजार ३ सय ५७ रुपैया खर्च हुन गएको छ । त्यसैगरी अन्य शीर्षकहरुमा आर्थिक वर्ष २०७६/०७७ मा रु. २५ लाख २५ हजार ९ सय १७ रुपैया, आर्थिक वर्ष २०७७/०७८ मा रु. १९ लाख ७१ हजार ८३ र आर्थिक वर्ष २०७८/०७९ मा १ करोड १२ लाख ६९ हजार ४ सय ६१ रुपैया खर्च भएको देखिन्छ । चालु खर्चको ४३ देखि ८१ प्रतिशतसम्म तलब शीर्षकमा खर्च भएको देखिन्छ । अछाम बहुमुखी क्याम्पसको मुख्य भौतिक पूर्वाधारमा आर्थिक २०७६/०७७ मा रु. १ करोड २२ लाख २३ हजार १ सय ७० रुपैया ८७ पैसा, आर्थिक वर्ष २०७७/०७८ मा रु. ५१ लाख १३ हजार ५८ सय रुपैया र आर्थिक वर्ष २०७८/०७९ मा रु. ६४ लाख ५४ हजार ५ सय ४२ रुपैया ४३ पैसा, खर्च भएको देखिन्छ । पुस्तक खरिदतर्फ आर्थिक वर्ष २०७६/०७७ मा रु. ४ लाख ७५ हजार, आर्थिक वर्ष २०७७/०७८ मा ७९ हजार १ सय ९५ र आर्थिक वर्ष २०७५/०७६ मा रु. ६ हजार ३ सय ७५ रुपैया खर्च भएको छ ।

अछाम बहुमुखी क्याम्पसले तयार गरेका वित्तिय विवरणहरु लेखाका सर्वमान्य सिद्धान्त तथा प्रचलित कानुनबमोजिम तयार गरे/नगरेको सम्बन्धमा नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण गरी सो विवरणले क्याम्पसको आयव्ययको सही तथा यथार्थ अवस्था चित्रण गरे नगरेको सम्बन्धमा राय व्यक्त गर्ने उद्देश्यले चार्टर्ड एकाउन्टेन्ट्सबाट लेखापरीक्षण गरिदै आएको छ । लेखापरीक्षण अवलोकन, प्रतिवेदनमा उठाइएका सुझावहरु समस्याहरु न्यूनिकरणका लागि गरिएका प्रयासहरु प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

अछाम बहुमुखी क्याम्पस देशकै अग्रणी शैक्षिक संस्थाको रुपमा विकसित भइरहेको भएता पनि भौतिक पूर्वाधार तथा उपकरणहरुको अपर्याप्तता, प्राविधिक विषय सञ्चालन गर्न नीतिगत समस्या, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्या, शिक्षक विद्यार्थी अनुपात, विद्यार्थी उत्तिर्ण दरमा उल्लेख्य सुधार हुन नसक्नु जस्ता समस्या तथा चुनौतीहरु विद्यमान रहेका छन् । अछाम बहुमुखी क्याम्पसका समस्या तथा चुनौतीहरु सम्बोधन हुनेगरी भौतिक पूर्वाधार विकास, प्राज्ञिक उत्कृष्टताको लागि शिक्षकको क्षमता विकास, विद्यार्थी कल्याण र अतिरिक्त क्रियाकलाप, वित्तीय श्रोत व्यवस्थापन र संस्थागत सुशासन तथा क्याम्पसको समुदायसँग सम्बन्ध आदिमा सुधार ल्याउनको लागि क्याम्पसले आगामी ५ वर्षको लागि रणनीतिक विकास योजना तर्जुमा गरी लागु गरेको छ ।

**विषय सूची** **पृष्ठ संख्या**


**१. पृष्ठभूमि (Background)** **१**

**२. प्राज्ञिक/शैक्षिक प्रगति (Academic Progress)** **२**

२.१ भर्ना प्रवृत्ति विश्लेषण (Enrollment Trend Analysis) २

२.२ उत्तिर्ण दर प्रवृत्ति विश्लेषण (Pass Rate Trend Analysis) ४

२.३ स्नातक र प्रवृत्ति विश्लेषण (Graduate Trend Analysis) ५

२.४ शैक्षिक कार्यक्रमहरु (Academic Programmes) ७

२.५ शैक्षणिक विधिहरु (Educational Pedagogy) ८

**३. भौतिक प्रगति (Physical Progress)** **८**

३.१ पूर्वाधार विकास (Infrastructural Development) ८

३.१.१ शैक्षिक प्रशासनिक भवन (Academic Administrative Building) ९

३.२ शैक्षिक सहयोग (Educational Aids) ९

३.२.१ शैक्षिक उपकरणहरु (Educational Equipments) ९

३.२.२ पुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरु (Books, Journals and Reference Materials) ११

३.२.३ फर्निचरहरु (Furniture) ११

**४. वित्तीय प्रगति (Financial Progress)** **१२**

४.१ वित्तिय स्रोत तथा आय विश्लेषण (Analysis of Financial Resources & Income) १२

४.१.१ स्वआर्जित आय (Self Generated Income Resources) १२

४.१.२ सरकारी स्रोतबाट अनुदान (Grants from Government Sources) १३

४.२ खर्च विश्लेषण (Analysis of Expenditures) १४

४.२.१ चालु खर्चहरु (Recurrent Expenses) १४

४.२.२ पूँजीगत खर्च (Capital Expenditures) १४

४.३ गत वर्षको लेखापरीक्षण अवलोकन, सुझाव तथा समस्या न्यूनीकरणका प्रयासहरु (Audit Observations/Issues, Recommendation and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in the Last Fiscal last year) १५

५. सामाजिक प्रगति (Social Progress) १६

५.१ क्याम्पसको सामाजिक क्रियाकलापमा सहभागिता (Campus Involvement in social activities) १६

५.२ क्याम्पसका लागि सामाजिक सहयोग (Society's Contributions for Campus) १७

५.३ क्याम्पसको सामाजिक योगदान (Plan for Campus's Contribution for Society) १७

५.४ क्याम्पसमा सामाजिक सहभागिताको योजना (Plan for Increased Involvement of Society in the Campus) १७

**६. समस्या तथा चुनौतीहरु (Issues and Challenges)** **१७**

६.१ छोटो अवधिका समस्या तथा चुनौतीहरु (Short-Terms Issues and Challenges) १८

६.२ लामो अवधिका समस्या तथा चुनौतीहरु (Long-Terms Issues and Challenges) १८

६.३ समस्या तथा चुनौतीहरु न्युनीकरणका उपायहरु (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges) १९
६.४ समस्या तथा चुनौतीहरु सम्बोधन गर्ने योजना (Plan for Addressing Problems & Challenges) १९
६.४.१ भौतिक पूर्वाधार विकास (Physical Infrastructure Development) १९
६.४.२ प्राज्ञिक उत्कृष्ठताको लागि संस्थागत क्षमता तथा निकाय विकास (Institutional Capacity and Faculty Development for Academic Excellence) २०
६.४.३ गुणस्तर सुनिश्चिचता तथा प्रत्यायान (Quality Assurance and Accreditation) २१
६.४.४ प्राज्ञिक स्वायत्तता र कार्यक्रम विस्तार (Academic Autonomy and Program Extension) २२
६.४.५ विद्यान कल्याण र अतिरिक्त (Student Weifure and Extra Aetivities) २२
६.४.६ वित्तिय श्रोत विकास तथा व्यवस्थापन (Financial Resource Development and Management) २३
६.४.७ संस्थागत सुशासन तथा क्याम्पस समुदायक सम्बन्ध । (Institutional Governance and Campus Community Relationship) २३
६४.८ वार्षिक कार्ययोजना र बजेट (Annul Plan & Budget) २३
**७. अनुसूची (Appendix)** **२४**

# १. पृष्ठभूमि (Background)

अछाम जिल्लाको सदरमुकाम मंगलसेन अछाममा २०४६ सालको राजनीतिक परिवर्तनसंगै यस जिल्लाका समाजसेवी, बुद्धिजीवि, शिक्षाप्रेमी, राजनीतिज्ञ, शिक्षक तथा अभिभावकहरुको सक्रिय प्रयासबाट यस अछाम क्याम्पसको स्थापना २०४८ साल पौष ४ गतेका दिन भएको यहाँहरुलाई अवगत नै छ । विक्रम सम्वत २०४८ सालमा त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन संकायको सम्बन्धन प्राप्त यस क्याम्पसमा हाल स्नातक तह व्यवस्थापन, शिक्षाशास्त्रका साथै शैक्षिक सत्र २०७५ मा स्नातकोत्तर तहमा एमएड (नेपाली र इपिएम विषय) र शैक्षिक सत्र २०७८/०७९ देखि व्यवस्थापन संकायमा एमविविएस कक्षा समेत सञ्चालनमा रहेको छ । जिल्लामा उच्च शिक्षा हासिल गर्नको निमित्त कुनै पनि क्याम्पस नभएको अवस्थामा सर्वसुलभ र गुणस्तरीय शिक्षा आम अछामी जनतालाई उपलब्ध गराउने मुलभूत लक्ष्य र उद्देश्यका साथ स्थापित अछाम बहुमुखी क्याम्पस आज पनि उक्त लक्ष्य र उद्देश्य प्राप्ति गर्नका निमित्त समाजसेवी, शिक्षाप्रेमी महानुभावहरु यस क्याम्पस निर्माणको निमित्त क्रियाशिल भएको पाउँदा हामी सम्पूर्ण क्याम्पस परिवार हर्षित भएका छौं । क्याम्पसको आर्थिक, शैक्षिक, भौतिक उन्नति र प्रगति तब मात्र सम्भव हुन्छ जब हामी सबैको सामुहिक साझा प्रयास शिक्षाक्षेत्रप्रति सकारात्मक सोच भए मात्र क्याम्पसको विकास र विस्तार सम्भव हुन्छ । हामी सबैको साझा सम्पतिको रुपमा शैक्षिक संस्था रहेको कुरा स्पष्ट नै छ । यस धारणाप्रति हामी कसैको विमति रहन्छ जस्तो लाग्दैन । शिक्षा क्षेत्रमा गरिएको लगानी अनुत्पादक खर्चको रुपमा हेर्ने हाम्रो परम्परागत सोच र चिन्तनमा परिवर्तन नभएसम्म शैक्षिक संस्थाको उन्नति र प्रगति सम्भव छैन । शैक्षिक संस्थाको विकास, विस्तार, उन्नति र प्रगति विना समाज र देशको उन्नति र समृद्धि सम्भव छैन भन्ने मान्यताप्रति हामी स्पष्ट छौं ।

क्याम्पस आफै आत्मनिर्भर हुन सकिरहेको छैन र क्याम्पसको अगाडि अवसर र चुनौती दुवै रहेका छन् । हाल यस अछाम बहुमुखी क्याम्पसलाई सूचना प्रविधि अनुकूल हुने गरी सफ्टवेयर मार्फत लेखा, परीक्षा र पुस्तकालयको सञ्चालन तथा व्यवस्थापनका साथै केन्द्रीय पुस्तकालयसँग अछाम बहुमुखी क्याम्पसले सदस्यता लिइ त्रिभुवन विश्वविद्यालयको त्यस पुस्तकालयले प्रदान गर्दै गरेको इलाइब्रेररी सेवामा शिक्षक र विद्यार्थीहरुलाई पासवर्ड प्रदान गरी सेवा लिइ सेवा प्रदान गरिरहेको छ । त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरेको इप्रकाशनमा समेत यस क्याम्पसका प्राध्यापकहरुका अनुसन्धामूलक लेख रचना नेप्जोलमा AMC Multidiciplinirу Peer-reviewed Reserch Journal दर्ता गरी प्रकाशन गर्ने गरिएको, प्रोजेक्टरको माध्यमबाट अध्ययन/अध्यापन गराउने कार्य अर्न्तगत १६ वटा कक्षा कोठाहरुमा प्रोजेक्टर जडान गरि सकिएको, क्याम्पसको वेवसाइट निर्माण, विधुतिय हाजिरी प्रणाली जडान र विद्यार्थीहरुलाई सूचनाको पहुँचमा वृद्धि गर्नको लागि डिजिटल सूचना बोर्ड सञ्चालनमा ल्याएको छ । अछाम बहुमुखी क्याम्पसमा एउटा नमुनाको रुपमा Intractive Digital Board जडान गरी नमुना कक्षा सञ्चालन भइरहेकोमा आगामी शैक्षिक सत्रमा बाँकी रहेका सम्पूर्ण कक्षाकोठाहरुमा यस्तो बोर्डहरु जडान गरी कक्षा सञ्चालन गर्दै डिजिटल क्याम्पसको रुपमा विकास गर्ने लक्ष्य लिइएको छ ।

## २. प्राज्ञिक/शैक्षिक प्रगति (Academic Progress)

अछाम बहुमुखी क्याम्पसको शैक्षिक प्रगतिलाई विद्यार्थी भर्ना तथा परीक्षाफलको आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

### २.१ भर्ना प्रवृत्ति विश्लेषण (Enrollment Trend Analysis)

अछाम बहुमुखी क्याम्पसको कुल विद्यार्थी भर्ना संख्यालाई दृष्टिगत गर्दा विभिन्न कार्यक्रम अनुसार विद्यार्थी भर्ना दरमा भिन्नता रहेको देखिन्छ । स्नातक तहको सन्दर्भमा सबैभन्दा बढी बि.एड.मा भर्ना भएको देखिन्छ भने सबैभन्दा कम बी.बि.एस को देखिन्छ । शैक्षिक सत्र २०७७/७८ मा बि.एड.मा ३६० जना वि.बि एस .मा ११२ जना र एम.एडमा २१९ जना गरी जम्मा ६९१ जना भर्ना भएका थिए । शैक्षिक सत्र २०७८/७९ मा बि.एड.मा ३७९ जना वि.बि.एस.मा १३६ जना, एम.एड. मा १३६ र एम.बि.एस. मा ६७ गरेर जम्मा ७७० जना विद्यार्थी भर्ना भएका थिए । शैक्षिक सत्र २०७९/८० मा बि.एड.मा ४९३ जना वि.बि एस.मा १५२ जना, एम.एड १६६ र एम.बि.एस.मा १२० गरी जम्मा ९३१ जना यस क्याम्पसमा प्रवेश भएको पाइन्छ । यसरी तीन शैक्षिक वर्षको भर्ना दरलाई केलाउँदा स्नातक तहमा बढ्दो क्रममा विद्यार्थी संख्या रहेको छ । यस्तैगरी स्नाकोत्तर तहको एम एडमा घट्दो र स्नातकोत्तर एमविएस तहमा विद्यार्थी संख्या बढ्दो मात्रामा रहेको छ ।

**Table 1: Enrollment Trend Analysis (Program Wise/Level Wise) Programme**

| Level | Programme | 2021/22 | 2022/23 | 2023/24 |
|---|---|---|---|---|
| Bachelor | B.Ed. | 379 | 493 | 547 |
| | BBS | 136 | 152 | 180 |
| Master | M.Ed. | 188 | 166 | 66 |
| | MBS | 67 | 120 | 158 |
| Grand Total | A+B | 770 | 931 | 951 |

Source: Administrative Record of AMC 2023

**Figure 1 No. of the Students Enrollment**



**Table 2 : Genderwise Enrollment Trend Analysis of the last three years**

| Level | Programmes | 2021/22 | | 2022/23 | | 2023/24 | |
|---|---|---|---|---|---|---|---|
| | | Male | Male | Male | Female | Male | Female |
| Bachelor | B.Ed. | 155 | 224 | 265 | 228 | 224 | 323 |
| | BBS | 79 | 57 | 102 | 50 | 70 | 110 |
| Master | M.Ed. | 126 | 62 | 104 | 62 | 44 | 22 |
| | MBS | 53 | 14 | 90 | 30 | 127 | 31 |
| Grand Total | A+B | 413 | 357 | 561 | 370 | 465 | 486 |

Source: Administrative Record of AMC 2023

**Figure: 2 Gendertwise Enrollment of Students**




**Table 3: Enrollment Trend Analysis of the Last Three Year from 2021/22-2023/24**

| Year | Female | EDJ | Dalit | Made | Total Female and Educationally Disadvantaged Students | Total Students | %of Female and Educationally Disadvantaged Students |
|---|---|---|---|---|---|---|---|
| 2020/22 | 357 | - | 37 | | 394 | 770 | 46.36 |
| 2022/23 | 370 | - | 115 | - | 370 | 931 | 39.74 |
| 2023/24 | 486 | - | 65 | | 476 | 951 | 51.10 |

Source: Administrative Record of AMC 2023

## २.२ उत्तिर्ण दर प्रवृत्ति विश्लेषण (Pass Rate Trend Analysis)

**<u>Table 5 : Pass Rate Trend Analysis of last Three Year (Program and Level-wise, Disaggregation by Female and Educationally</u>**

| Year 2021/22 | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Programme | Total Appeared | Total Passed | Girls | | EDJ | | Madhesi | | Dalit | |
| | | | TA | TP | TA | TP | TA | TP | TA | TP |
| B.Ed. | 379 | 49 | 224 | 23 | - | - | - | - | 15 | 3 |
| BBS | 136 | 34 | 57 | 18 | - | - | - | - | 4 | 2 |
| M.Ed. | 188 | 31 | 62 | 4 | - | - | - | - | 4 | 0 |
| Total | 703 | 114 | 343 | 45 | - | - | - | - | 23 | 5 |

| Year 2022/23 | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Programme | Total Appeared | Total Passed | GIRLS | | EDJ | | Madeshi | | Dalit | |
| | | | TA | TP | TA | PA | TA | TP | TA | TP |
| B.Ed. | 493 | 176 | 228 | 85 | - | - | - | - | 85 | 32 |
| BBS | 152 | 59 | 50 | 33 | - | - | - | - | 69 | 4 |
| M.Ed. | 166 | 121 | 62 | 36 | - | - | - | - | 5 | 3 |
| MBS | 61 | 17 | 15 | 44 | | | | | 3 | 0 |
| Total | 872 | 373 | 345 | 198 | | | | | 162 | 39 |

| Year 2023/24 | | | | | | |
|---|---|---|---|---|---|---|
| Programme | Total Appeare | Total Passed | GIRLS | EDJ | Madeshi | Dalit |

| | d | | TA | TP | TA | PA | TA | TP | TA | TP |
|---|---|---|---|---|---|---|---|---|---|---|
| B.Ed. | 565 | 164 | 323 | 30 | - | - | - | - | 45 | 17 |
| BBS | 121 | 83 | 64 | 44 | - | - | - | - | 12 | 8 |
| M.Ed. | 194 | 128 | 51 | 44 | - | - | - | - | 5 | 4 |
| MBS | 119 | 68 | 34 | 13 | | | | | 6 | 3 |
| Total | 999 | 443 | 472 | 131 | | | | | 68 | 32 |

तीन शैक्षिक सत्रको विश्लेषण गर्दा सन् २०२१/०२२ को तथ्याङ्कलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा कुल ७७० जना विद्यार्थीहरु मध्य वार्षिक परीक्षामा समावेश भएकोमा ७०३ जना मध्ये ११४ जना उत्तीर्ण भएका छन् । समष्टिगत रुपमा उत्तीर्ण दर १६.२२% रहेको देखिन्छ, जुन पहिलो शैक्षिक सत्रको तुलनामा करिब ३.७५% प्रतिशत वृद्धि हो । तहगत रुपमा उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातकतर्फ सबैभन्दा बढी विद्यार्थी बिबिएसतर्फ २५% उत्तीर्ण भएको देखिन्छ भने सबैभन्दा कम शिक्षाशास्त्र संकायतर्फ बिएड १२.९३% रहेको देखिन्छ । शैक्षिक सन् २०२२/०२३ को तथ्याङ्कलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा कूल ८७२ जना विद्यार्थीहरु मध्य वार्षिक परीक्षामा समावेश भएकोमा ३७३ जना उत्तीर्ण भएको देखिन्छ । समष्टिगत रुपमा उत्तीर्ण दर ४२.७८% रहेको देखिन्छ । जुन पहिलो शैक्षिक सत्रको तुलनामा करिब २६.५५% प्रतिशत वृद्धि हो । तहगत रुपमा उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा एम.एडमा ७२.८९% सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण भएको देखिन्छ भने सबैभन्दा कम एम.बि.स.मा २७.८६% रहेको देखिन्छ ।

शैक्षिक सन् २०२३/०२४ को तथ्याङ्कलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा कूल ९९ जना विद्यार्थीहरु वार्षिक परीक्षामा समावेश भएकोमा ४४३ जना उत्तीर्ण भएको देखिन्छ । समष्टिगत रुपमा उत्तीर्ण प्रतिशत ४४.३४% रहेको देखिन्छ । जुन अघिल्लो शैक्षिक सत्रको तुलनामा करिब १.४७% ले वृद्धि भएको देखिन्छ । तहगत रुपमा उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातकतर्फ सबैभन्दा बढी विद्यार्थी वाणिज्यतर्फ ६८.५९% उतीर्ण भएको देखिन्छ भने सबैभन्दा कम शिक्षाशास्त्र संकायतर्फ २९.०३% उत्तिर्ण भएका छन् ।

## २.३ स्नातक र प्रवृत्ति विश्लेषण (Graduate Trend Analysis)

स्नातक तह उत्तिर्ण दर प्रवृत्तिमा विभिन्न वर्ष तह पार गर्ने स्नातक (Graduates) को संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**Table 6: Yearwise Graguate Trend of Students of Last Three Years**

| Year | Total | Female | EDJ | Dalit | Madhesi |
|---|---|---|---|---|---|
| 2021/22 | 11 | 7 | - | 1 | - |
| 2022/23 | 27 | 14 | - | 1 | - |
| 2023/24 | 30 | 18 | - | - | |

Source: Administrative Record of AMC 2023

**Figure 3 : Graguate Trend of Students**




माथिको तथ्याङ्कलाई दृष्टिगत गर्दा शैक्षिक सत्र २०२१/२२ मा विभिन्न कार्यक्रमहरुमा ११ जना र शैक्षिक सत्र २०२२/२३ मा २७ जना र शैक्षिक सत्र २०२३/२४ मा ३० जना विद्यार्थीहरुले स्नातक तहको शैक्षिक उपलब्धि हासिल गरेका छन् । तीन वर्षको तथ्यांकलाई विश्लेषण गर्दा स्नातक तह उत्तिर्ण विद्यार्थीको संख्या बढ्दो क्रममा रहेको साथै छात्राहरुको उत्तिर्ण दर बढ्दो क्रममा रहेको पाइएको छ । साथै दलिततर्फका विद्यार्थीको उत्तीर्ण दर स्थिर रहेको देखिन्छ । अछाम बहुमुखी क्याम्पसमा विभिन्न वर्ष तह पार गर्ने स्नातक तहका विद्यार्थीहरुको तहगत र समावेशितामा आधारित संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**Table 7: Graguate Trend of Students (Program wise /levelwise, disaggregated by Female and Educationally Disadvantaged Students)**

| Level | Program | Graguate Students in 2021/22 | | | | |
|---|---|---|---|---|---|---|
| | | Total | Girls | EDJ | Dalit | Madesi |
| Bachelor | B.Ed. | 4 | 2 | - | - | - |
| | BBS | 7 | 4 | - | 1 | |
| Mater | M.Ed. | - | - | - | - | - |
| | MBS | - | - | - | - | - |
| Total | | 11 | 6 | - | 1 | - |

| Level | Program | Graguate Students in 2022/23 | | | | |
|---|---|---|---|---|---|---|
| | | Total | Girls | EDJ | Dalit | Madesi |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Bachelor | B.Ed. | 13 | 9 | | 1 | - |
| | BBS | 14 | 5 | | | - |
| Mater | M.Ed. | | | | | - |
| | MBS | | | | | - |
| Total | | 27 | 14 | | 1 | |

| Level | Program | **Graguate Students in 2023/24** | | | | |
|---|---|---|---|---|---|---|
| | | Total | Girls | EDJ | Dalit | Madesi |
| Bachelor | B.Ed. | 21 | 8 | - | - | |
| | BBS | 9 | 5 | - | - | -- |
| Mater | M.Ed. | - | - | - | - | - |
| | MBS | - | - | - | - | - |
| Total | | 30 | 13 | - | - | - |

Source: Administrative Record of AMC 2023

शैक्षिक सत्र २०२१/०२२ मा क्याम्पसका विभिन्न शैक्षिक कार्यकमहरुको वार्षिक परीक्षामा कुल २१ जना उत्तर्ण भएका छन् । जस मध्येमा ६ जना उत्तिर्ण भएका छन् । तहगत रुपमा स्नातक तहतर्फको शैक्षिक उपलब्धि हासिल गर्नेहरूमा सबैभन्दा बढी शिक्षा संकाय विएडमा ३८ छन् भने सबैभन्दा कम व्यवस्थापन संकायतफ विविएसमा ३० जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

## २.४ शैक्षिक कार्यक्रमहरु (Academic Programmes)

अछाम बहुमुखी क्याम्पसमा वि.सं. २०४८ सालदेखि वाणिज्य संकाय, वि.सं. २०६२ साल देखि विविएस, वि.सं. २०६४ साल देखि विएड., वि.स. २०७५ सालदेखि एमएड, वि.सं., वि.सं. २०७७ साल देखि विएमड तर्फका कक्षाहरु सञ्चालन भई पठनपाठन कार्य हुँदै आइरहेको छ ।

**Table 8 : Acaddemic Programmes**

| Departments | Programmes | Durations |
|---|---|---|
| Management | BBS | 4 Years |
| | MBS | 2- Year Semesters |
| Education | B.Ed | 4 Years |

| | | |
|---|---|---|
| | M.Ed.( Nepali ) | 2- Year Semesters |
| | M.Ed. ( EPM) | 2- Year Semesters |

### २.५ शैक्षणिक विधिहरु (Educational Pedagogy)

अछाम बहुमुखी क्याम्पसमा विगतका वर्षहरूमा शिक्षक केन्द्रित विधि मात्रै प्रयोग हुँदै आएकोमा हाल आएर पठनपाठनका विधिहरुमा परिवर्तन ल्याउने प्रयास गरिएको छ । सबै कक्षा कोठाहरुमा मल्टिमिडिया प्रोजेक्टरको व्यवस्था गरिएको छ । यसबाट विद्यार्थी केन्द्रित प्रस्तुतीकरण विधि अपनाउनमा मद्दत पुगेको छ । स्नातकोत्तर तहको सत्रान्त प्रणाली अन्तर्गत प्रस्तुतीकरण विधि र परियोजना कार्यविधि समेत अवलम्बन गरिन्छ ।

## ३. भौतिक प्रगति (Physical Progress)

अछाम बहुमुखी क्याम्पसको भौतिक प्रगतिलाई पूर्वाधार विकास, शैक्षिक सहयोग तथा उपकरणहरु, फर्निचर, पाठ्यपुस्तक, जर्नल र सन्दर्भ सामाग्रीहरुको उपलब्धताको आधारमा विश्लेषण गरिएको छ ।

### ३.१ पूर्वाधार विकास (Infrastructural Development)

अछाम बहुमुखी क्याम्पसको शिक्षण सिकाई क्रियाकलापहरुलाई सहजिकरण गर्न र वृद्धि गर्न यस क्याम्पसले आफ्ना भौतिक पूर्वाधारहरु थप्ने, निर्माण गर्ने र मर्मत गर्ने कामलाई आवश्यकता अनुसार जारी राखेको छ । २०७२/०७३ मा एउटा २००० (दुई हजार) वाट क्षमताको सोलार प्रणाली जडान गरिएको छ । शैक्षणिक र प्रशासनिक क्रियाकलापलाई सघाउ पुर्‍याउने र शैक्षिक क्रियाकलापलाई अटूट र निर्वाध सञ्चालन गर्न विद्युत जडान गरिएको छ । यस अवधिमा ४ वटा १००० (एकहजार) लिटरका खानेपानी टंकीहरुसँगै पानी सुद्धिकरण गर्ने मेसिन समेत जडान गरी विद्यार्थी, प्राध्यापक, कर्मचारीहरुलाई वातानुकुलित खानेपानीको व्यवस्था गरिएको छ । हरेक भवनमा पर्याप्त खानेपानी र शौचालयमा पानीको पर्याप्त व्यवस्था गरिएको छ ।  थपिएका उपयुक्त सामग्रीहरु सहित क्याम्पसको भौतिक पूर्वाधारहरु निम्नानुसार रहेका छन्  ।

| विवरण | संख्या | कैफियत |
|---|---|---|
| जग्गाको जम्मा क्षेत्रफल भवन | १३ रोपनी | |
| भवन ओगटेको क्षेत्रफल | ३.५ रोपनी  (१९,१६६ वर्गफिट) | |
| कक्षाकोठा संख्या | १६ कोठा | |
| प्रयोगशाला संख्या | १ | |
| कम्प्युटर कक्ष | १ | |
| शौचालय (छात्र/छात्रा) | ७ वटा | |
| प्रतिक्षालय | १ वटा | |
| खानेपानी | ५ वटा धारा | |

| | | |
|---|---|---|
| खेलमैदान | ब्याडमिन्टन, बास्केटबल आदि | |
| मोटरसाइकल स्ट्याण्ड | १ वटा | |
| शैक्षिक प्रशासनिक भवन | ८ कोठा | निर्माणाधिन |
| छात्रावास | १४ कोठा | निर्माणाधिन |

### ३.१.१ शैक्षिक प्रशासनिक भवन (Academic Administrative Building)

अछाम बहुमुखी क्याम्पसमा विद्यार्थीको बढ्दो चापलाई मध्यनजर गरि विश्वविधालय अनुदान आयोगले भौतिक निर्माण कार्यतर्फ आर्थिक वर्ष २०७८/७९ मा शैक्षिक प्रशासनिक भवनको लागि अनुदान स्वरुप १०००००००(अक्षरुपी एक करोड) र मंगलसेन नगरपालिकाको अनुदान ५७९१११.२५ (अक्षरुपी पचास लाख उनासी हजार एकसय एघार रुपैयाँ पच्चिस पैसा मात्र) जम्मा १५०७९१११.२५ (अक्षरुपी एक करोड पचास लाख उनासी हजार एकसय एघार रुपैया पच्चिस पैसा) को लागतमा शैक्षिक प्रशासनिक भवनको पहिलो चरणको निर्माण कार्य सम्पन्न भएको छ । निर्माणधीन शैक्षिक प्रशासनिक भवनको दोस्रो चरणको निर्माण कार्य सम्पन्न गर्नको लागि विश्वविद्यालय अनुदान आयोगबााट रु. एक करोड भवन निर्माण पूजिगत अनुदान विनियोजन भएको र उक्त भवन निर्माणका लागी E-Bid भै बचत रकम रु ३५९४१४५.७० पैसा समेतको E-Bid भई शैक्षिक प्रशासनिक भवनका थप निर्माण कार्य सञ्चालन भइरहेको छ । तेस्रो चरणको निर्माण कार्यका लागि क्याम्पसले उक्त निर्माण कार्य सम्पन्न गर्नका लागि लागत स्टमेट सहित विश्वविद्यालय अनुदान आयोगको निर्धारित मापदण्ड अनुरुप प्रस्ताव पेश गर्ने तयारी क्याम्पसले गरिरहेको छ । उक्त कार्य समयमै सम्पन्न भएमा क्याम्पसका शैक्षिक गतिविधिहरु प्रभावकारी रुपमा हुने अपेक्षा गरिएको छ ।

## ३.२ शैक्षिक सहयोग (Educational Aids)

### ३.२.१ शैक्षिक उपकरणहरु (Educational Equipments)

विद्यार्थीहरुको पठन-पाठनमा गुणस्तरियता कायम गर्न र निर्वाध रुपमा सञ्चालन गर्न निम्नानुसारका शैक्षिक सहयोग सामग्रीहरु खरिद गरिएका छन् ।

| सामाग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|
| डेस्कटप कम्प्यूटर मनिटरसहित | २५थान | |
| ल्यापटप संख्या | १६ थान | |
| ओभर हेड /मल्टिमिडिया प्रोजेक्टर | १६ थान | |
| प्रिन्टर/फोटोकपी मेसिन | ९ थान | |
| इन्टरनेट सर्भिस | २ थान | |
| इन्टरनेट जडिएका कम्प्युटर | २५ थान | |
| सि.सि.टि.भी. क्यामेरा | १६ थान | |
| उपस्थिति रेकर्ड मेसिन | १ थान | |
| पन्चिङ मेसिन | ५ थान | |

| | | |
|---|---|---|
| स्टेपलाईजर मेसिन | ५ थान | |
| सोलार प्यानल | २००० वाट | |
| टेलिफोन सेट | ३ थान | |
| सटफुट | २ थान | |
| मादल | १ थान | |
| हारमुनियम | १ थान | |
| प्लास्टिक बाल्टिन | ३ थान | |
| रबर स्टाम | १० थान | |
| क्याल्कुलेटर | ५ थान | |
| घण्टी | १ थान | |
| भित्ते घडी | ४ थान | |
| ताला | २८ थान | |
| रिभल्भीङ चियर | १३ थान | |
| कम्प्युटर स्पीकर | १६ थान | |
| डिजिटल बोर्ड | १ थान | |
| ए.डि.एस.एल. राउटर | २ थान | |
| विद्युत मिटर | २ थान | |
| साउन्ड सिस्टम माइक | १ थान | |
| ईन्भटर व्याट्री | १ सेट | |
| विद्युतिय हाजिरी | १ सेट | |
| पाठशाला सफ्टवेयर | १ सेट | |
| स्मार्ट बोर्ड | १ सेट | |
| E - Library Server | १ सेट | |
| 24 part switch | २ सेट | |
| Small Display Board | १ थान | |
| Projectar Pointer | ५ थान | |
| आल्मोनियम भरयाङ | १ थान | |
| I Card Printer | १ थान | |
| Kent Elter Plus Row Water | १ थान | |
| DVR 8 Channal Moniter 19 | २ थान | |
| अग्नी नियन्त्रक | ३ थान | |

| | | |
|---|---|---|
| AVR Stand | १ थान | |
| Blower Machine | १ थान | |
| Water Liter with Dispenses | १ थान | |

### ३.२.२ पुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरु (Book, Journals and Reference Materials)

अछाम बहुमुखी क्याम्पसको पुस्तकालय समग्र अछाम जिल्लाको सबैभन्दा ठूलो पुस्तकालय छ । यसमा जम्मा ६०७९ वटा पुस्तकहरु छन् । यस पुस्तकालयमा जम्मा २ वटा कोठाहरु छन् । यसमा १ वटा अध्ययन कक्ष छ । यस पुस्तकालयमा दैनिक २ पत्रपत्रिकाहरु राखिने गरिएका छन्, त्यसमध्ये राष्ट्रिय र स्थानीय गरी दुवै किसिमका दैनिक पत्रिकाहरु नियमित आइरहेका छन् । पुस्तकालयसँग जम्मा ४ थान कम्प्यूटरहरु छन् जसमा प्रयोगकर्ताहरुले अनलाईन् र आवश्यक पुस्तक पढ्न तथा डाउनलोड गर्न सजिलै सक्दछन् । विभिन्न प्रकारका प्राज्ञिक जर्नलहरु पनि राखिएका छन् ।

### ३.२.३ फर्निचरहरु (Furnitures)

अछाम बहुमुखी क्याम्पसमा निम्न अनुसारका फर्निचरहरु उपलब्ध छन् ।

| सामाग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|
| मेडियम स्टिल दराज | ७ थान | |
| सेतोपाटी | १३ थान | |
| काठको दराज | ८ थान | |
| स्टील दराज ( सानो ) | ९ थान | |
| टी टेवल | ५ थान | |
| काठको टेवल मेडियम | १६ थान | |
| काठको टेवल सानोमा | ४ थान | |
| मिटिङ (राउन्ड ) टेवुल | ३ थान | |
| कम्प्युटर टेवुल | ३१ थन | |
| काठको कुर्चि | ३० थान | |
| कम्प्युटर कुर्चि | ३० थान | |
| फलामे कुर्चि / प्लास्टिक कुचि | २२० थान | |
| सुचना पाटि | १ थान | |
| चापी वोर्ड | १ थान | |
| काठको खटिया | ६ थान | |

| | | |
|---|---|---|
| डेस्क बेन्च (काठको ) | २०५ थान | |
| डेस्क बेन्च (फलामे ) | ८० थान | |
| सोफासेट | ६ थान | |
| रोष्टम | १६ थान | |
| हवाईट बोर्ड | २३ थान | |

# ४. वित्तिय प्रगति (Financial Progress)

अछाम बहुमुखी क्याम्पसको वित्तिय प्रगतिलाई स्वआर्जित तथा सरकारी अनुदानबाट प्राप्त आम्दानी र चालु एवम् पूँजीगत खर्चको आधारमा विश्लेषण गरिएको छ ।

## ४.१ वित्तिय स्रोत तथा आय विश्लेषण (Analysis of Financial Resources and Income)

अछाम बहुमुखी क्याम्पसको वित्तिय स्रोत अन्तर्गत विद्यार्थीबाट संकलन गरिएको शुल्क, बैंकबाट प्राप्त व्याज र अन्य आम्दानीका स्रोतहरु पर्दछन् जसलाई तल प्रस्तुत गरिएको छ ।

### ४.१.१.स्वआर्जित आय (Self Generated Income Resources)

अछाम बहुमुखी क्याम्पसको स्वआर्जित आयको मुख्य स्रोत भनेको विद्यार्थीबाट संकलन गरिने शुल्क हो । दोस्रो स्रोत बैंकमा रहेको मुद्दती तथा बचत खाताबाट आर्जन हुने ब्याज हो । विद्यार्थीको शुल्क तथा बैंक ब्याज र अन्य आम्दानीका स्रोतहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**Table 9: Self Generated Income (student's fee and other sources of the Last Three Years, 2077/078–2079/080**

| Financial Year | Students Fee | Others | Total | % of the students fee |
|---|---|---|---|---|
| 2077/078 | 7796678.00 | 181737.70 | 7978415.70 | 97.72% |
| 2078/079 | 16068940.00 | 322416.51 | 16391356.51 | 98.03% |
| 2079/080 | 17941143.05 | 441254.12 | 18382397.17 | 97.60% |

Sources: Account Department of AMC

अछाम बहुमुखी क्याम्पसको शुल्क आयलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/०७८ मा रु.७७ लाख ९६ हजार ६ सय ७८ रुपैया शुल्कको रुपमा संकलन भएको थियो । यस्तै आर्थिक २०७८/०७९ मा १ करोड ६० लाख ६८

हजार ९ सय ४० रुपैया संकलन भएको पाइन्छ । त्यसैको पछिल्लो आर्थिक वर्ष २०७९/०८० मा रु १ करोड ७९ लाख ४१ हजार १ सय ४३ रुपैया ५ पैसा संकलन भएको थियो ।

त्यस्तै विद्यार्थीको शुल्क बाहेक अन्य आम्दानी आर्थिक वर्ष २०७७/०७८ मा १ लाख ८१ हजार ७ सय ३७ रुपैया ७० पैसा, आर्थिक वर्ष २०७८/०७९ मा ३ लाख २२ हजार ४ सय १६ रुपैया ५१ पैसा र आर्थिक वर्ष २०७९/०८० मा ४ लाख ४१ हजार २ सय ५४ रुपैया १२ पैसा प्राप्त हुन गएको छ । अन्य वर्षको तुलनामा आर्थिक वर्ष २०७९/०८० मा सो रकम बढी हो । यसरी कूल आम्बानीमा करिव ९७ प्रतिशत विद्यार्थीको शुल्क योगदान रहेको छ भने ३ प्रतिशत मात्र अन्य स्रोतबाट आयआर्जन भएको देखिन्छ ।

### ४.१.२ सरकारी सोतबाट अनुदान (Grants from Government Sources)

अछाम बहुमुखी क्याम्पसलाई सरकारी श्रोतबाट प्राप्त हुने आम्दानीको मुख्य स्रोत भनेको विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने अनुदान नै हो । विगत तीन वर्षमा विश्वविद्यालय अनुदान आयोग र अन्य निकायहरबाट प्राप्त भएको आम्दानीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**Table 10:Grants from Government Sources of the Last Three Years2077/078–2079/080**

| Financial Year | UGC | Others Government Bodies | Total Grands | Self Generet ed | Total Revenu e | % of Gran ds |
|---|---|---|---|---|---|---|
| 2077/078 | 9012143.97 | 7310567.90 | 16322711.87 | 181737.70 | 24408886.07 | 66.87 % |
| 2078/079 | 6975000.00 | 7386715.00 | 14361715.00 | 322416.51 | 30723071.51 | 46.75 % |
| 2079/080 | 13250000.00 | 7369839.98 | 20619839.98 | 368636.00 | 39002237.15 | 52.87 % |

Sources: Account Department of AMC

माथिको तालिका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा विश्वविद्यालय अनुदान आयेगवाट रु. ९ लाख १२ हजार १ सय ४३ रुपैया ९७ पैसाा र अन्य निकायबाट रु.७३ लाख १० हजार ५ सय ६७ रुपैया ९० पैसा मात्र अनुदान प्राप्त भएको थियो । आर्थिक वर्ष २०७८/०७९ मा विश्वविद्यालय अनुदान आयोगबाट रु.६९ लाख ७५ हजार र अन्य निकायबाट गरेर कुल रकम रु.१ करोड ४३ लाख ६१ हजार ७ सय १५ रुपैया प्राप्त भएको थियो । आर्थिक वर्ष २०७९/०८० मा विश्वविद्यालय अनुदान आयोगबाट रु.१ करोड ३२ लाख ५० हजार र अन्य निकायबाट ७३ लाख ६९ हजार ८ सय ३९ रुपैया ९८ पैसा गरी जम्मा रु.२ करोड ६१ लाख ९ हजार ८ सय ३९ रुपैया ९८ पैसा प्राप्त भएको थियो । यसरी सरकारी निकायबाट अछाम बहुमुखी क्याम्पसलाई प्राप्त हुने योगदान करिब ४६ प्रतिशत देखि ६७

प्रतिशतको हाराहारीमा मात्र प्राप्त भएको देखिन्छ । अन्य निकायबाट सहयोग प्राप्त हुन नसकेमा आन्तरिक श्रोतबाट क्याम्पस सञ्चालनमा समस्या आइपर्ने छ ।

## ४.२ खर्च विश्लेषण (Analysis of Expenditures)

अछाम बहुमुखी क्याम्पसको खर्चलाई चालू खर्च र पूँजीगत खर्चको आधारमा विश्लेषण गरिएको छ । यस क्यासम्पसमा आम्दानीका श्रोतबाट खर्चको विश्लेषण यहाँ गरिएको छ ।

### ४.२.१ चालु खर्चहरु (Recurrent Expenses)

अछाम बहुमुखी क्याम्पसको चालु खर्चलाई तलब  शीर्षकमा गरिएको खर्च र अन्य कार्यालय सञ्चालन खर्च गरी तलको तालिकामा प्रस्तुत गरिए अनुसार दुई भागमा वर्गीकरण गरिएको छ ।

**Table 11: Recurrent Expenses of the Last Three Years 2077/078–2079/080**

| Financial Year | Salary | Other Recurring expances | Total Recurring Expances | % of Salary |
|---|---|---|---|---|
| 2077/078 | 8478474.00 | 1971083.00 | 10449557.00 | 81.13% |
| 2078/079 | 8768357.00 | 11269461.58 | 20037818.58 | 43.76% |
| 2079/080 | 9784571.80 | 8345484.07 | 18130055.87 | 53.97% |

Sources: Account Department of AMC

अछाम बहुमुखी क्याम्पसको आयको मुख्य स्रोत विद्यार्थीहरुबाट संकलन गरिने शुल्क हो भने खर्चको मुख्य क्षेत्र क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुकी तलब हो । तलब शीर्षकमा आर्थिक वर्ष २०७७/०७८ मा ८४ लाख ७८ हजार ४ सय ७४ रुपैया, आर्थिक वर्ष २०७८/०७९ मा रु.८७ लाख ६८ हजार ३ सय ५७ रुपैया र आर्थिक वर्ष २०७९/०८० मा रु. ९७ लाख ८४ हजार ५ सय ७१ रुपैया ८० पैसा खर्च हुन गएको छ । त्यसैगरी अन्य शीर्षकहरुमा आर्थिक वर्ष २०७७/०७८ मा  १९ लाख ७१ हजार ८३, आर्थिक वर्ष २०७८/०७९ मा रु.१ करोड १२ लाख ६९ हजार ४ सय ६१ रुपैया ५८ पैसा र आर्थिक वर्ष २०७९/०८० मा रु. ८३ लाख ४५ हजार ४ सय ८४ रुपैया ७ पैसा खर्च भएको देखिन्छ । चालू खर्चको ४३  देखि ८१ प्रतिशतसम्म तलव शीर्षकमा खर्च भएको देखिन्छ ।

### ४.२.२ पूँजीगत खर्च (Capital Expenditures)

अछाम बहुमुखी क्याम्पसको पुँजीगत खर्चलाई मुख्य पूर्वाधार विकास, उपकरणहरु खरिद, पुस्तक खरिद र कार्यक्रम विस्तार शीर्षकहरुमा विभाजन गरिएको छ ।

**Table 10: Capital Expenditures of the Last ThreeYears 2077/078–2079/080**

| Financial Year | Major Infrastrustures Development | Minor Infrastrustures Development | Equipments | Books | Progamme Expansion | Total |
|---|---|---|---|---|---|---|
| 2077/078 | 5113858.67 | 982663.00 | – | 79195.00 | – | 6175716.67 |
| 2078/079 | 6454542.43 | - | 22400.00 | 403000.00 | – | 6879942.43 |
| 2079/080 | 16363965.84 | - | - | 1068020.00 | - | 17431985.84 |

Sources: Annual Audit Report, Account Department of AMC

अछाम बहुमुखी क्याम्पसको मुख्य भौतिक पूर्वाधारमा आर्थिक वर्ष २०७७/०७८ मा रु. ५१ लाख १३ हजार ८ सय ५८ रुपैया ६७ पैसा, आर्थिक वर्ष २०७८/०७९ मा रु. ६४ लाख ५४ हजार ५ सय ४२ रुपैया ४३ पैसा, र आर्थिक वर्ष २०७९/०८० मा रु. १ करोड ६३ लाख ६३ हजार ९ सय ६५ रुपैया ८४ पैसा खर्च भएको देखिन्छ । पुस्तक खरिदतर्फ आर्थिक वर्ष २०७७/०७८ मा रु.७९ हजार १ सय ९५, आर्थिक वर्ष २०७८/०७९ मा रु. ४ लाख ३ हजार, आर्थिक वर्ष २०७९/०८० मा १० लाख ६८ हजार २० रुपैया खर्च भएको छ । पुस्तक खरिदतर्फ स्नातक तहको पाठ्यक्रम परिवर्तन र स्नातकोतरको कक्षा सञ्चालन भएको कारणले आर्थिक वर्ष २०७९/०८० मा बढी खर्च भएको छ । तीन वर्षको खर्च तुलना गर्दा ठूला भौतिक विकासमा बढी खर्च गर्नु परेको छ भने सानो भौतिक निर्माणका कामहरु भएको देखिदैन ।

## ४.३ गत वर्षको लेखापरीक्षण अवलोकन, सुझाव तथा समस्या न्यूनीकरणका प्रयासहरु (Audit Observations/Issues, Recommendation and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in the Last Fiscal last year)

अछाम बहुमुखी क्याम्पसले तयार गरेका वित्तिय विवरणहरु लेखाका सर्वमान्य सिद्धान्त (Generally Accepted Accounting Principles) तथा प्रचलित कानून बमोजिम तयार गरे/नगरेको सम्बन्धमा नेपाल लेखापरीक्षणमान (Nepal Standards on Auditing) बमोजिम लेखापरीक्षण गरी सो विवरणले क्याम्पसको आयव्ययको सही तथा यथार्थ अवस्था चित्रण गरे/नगरेको सम्बन्धमा राय व्यक्त गर्ने सन्दर्भमा लेखापरीक्षण अवलोकन, प्रतिवेदनमा उठाइएका सुझावहरु र समस्याहरू न्यूनीकरणका लागि गरिएका प्रयासहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| लेखापरीक्षण अवलोकन | सुझावहरु | न्यूनीकरणका प्रयासहरु |
|---|---|---|
| स्थिर सम्पत्ति खरिदको लागि प्राप्त अनुदान आयको लेखांकन सम्बन्धमाः "10 Accounting for Government Grant" परिच्छेद २४ तथा प्रचलित लेखा पद्धतिका अनुसार स्थिर सम्पत्ति खरिदको लागि प्राप्त अनुदान आयको लेखांकन सोही अनुदान आयलाई कूल स्थिर सम्पत्तिको लागतबाट घटाई खुद रकमलाई मात्र स्थिर सम्पत्तिको लागतमा पुँजीकरण गर्नुपर्दछ । संस्थाद्वारा प्राप्त कूल अनुदान आयलाई आम्दानी बाँधी कुल रकमलाई स्थिर पुँजीकरण गरेको पाइयो । | नेपाल लेखामान १०" Accounting for Government Grant" परिच्छेद २४ तथा प्रचलित लेखा पद्धतिक अनुसार स्थिर सम्पत्ति खरिदको लागि प्राप् अनुदान, आयको लेखांक सोही अनुदान आयलाई कु स्थिर सम्पत्तिको लागतबा घटाई खुद रकमलाई मा स्थिर सम्पत्तिको लागतम पुँजीकरण गर्नु हुन सुझा दिइन्छ । | • क्याम्पसको आर्थिक कारोबारलाई पारदर्शी बनाउन सफ्टवेरको प्रयोग गरिएको ।<br>• हिसाब किताबको सामाजिक लेखा परीक्षण गर्ने गरेको ।<br>• खर्च रकमलाई न्यूनिकरणतर्फ जोड दिनु पर्ने (जस्तो मसलन्द एवम दैनिक भ्रमण भत्ता आदी) र अन्य खर्चमा कटौती गरि मितव्यायिता अपनाउनु पर्ने |

## ५. सामाजिक प्रगति (Social Progress)

अछाम बहुमुखी क्याम्पस समुदायमा आधारित क्याम्पस भएकोले क्याम्पसको प्रगतिको मुख्य पक्ष भनेको सामुदायिक सम्बन्ध हो । यस क्याम्पसमा सामाजिक अभिवृद्धिका लागि निम्न गतिविधिहरु गरिदै आएका छन् ।

### ५.१ क्याम्पसको सामाजिक क्रियाकलापमा सहभागिता (Campus's Involvements in Social Activities)

- सामुदायिक गतिविधिहरुमा प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरुको सहभागिता ।
- समाज र समुदाय गुणस्तरीय शिक्षाप्रति सचेत ।
- अछाम जिल्ला, छिमेकी र अन्य जिल्लाका विद्यार्थीहरु उच्च शिक्षामा सहज पहुँच ।
- समाजका जल्दाबल्दा मुद्दाहरुमा प्राध्यापक, प्राज्ञिक समुदाय र विद्यार्थीहरुको सहभागिता ।

## ५.२ क्याम्पसका लागि सामाजिक सहयोग (Social Cotribution)

समाजका मानिसहरु क्याम्पसको हरेक क्रियाकलापमा सहभागिता जस्तो भौतिक निर्माण तथा पर्यावरणीय क्रियाकलापमा सहभागी हुने गरेका छन् । क्याम्पसको विकासमा स्थानीयको सकारात्मक सोच रहेको पाइन्छ ।

## ५.३ क्याम्पसको सामाजिक योगदान (Campus's Contribution to Society)

- स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्थाहरुबीच सहकार्य गर्ने ।
- सामुदायिक गतिविधिहरुमा प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरुको सहभागिता जनाउने ।
- समाज र समुदायमा गुणस्तरीय शिक्षाप्रति सचेत हुने ।
- अछाम जिल्ला र बाह्य जिल्लाका विद्यार्थीहरु उच्च शिक्षामा सहज पहुँच पुग्ने ।
- संस्थाप्रति समुदाय तथा स्थानीय सरोकार बीचमा अपनत्वको भावनाको विकास हुने ।
- समाजका जल्दाबल्दा मुद्धाहरुमा प्राध्यापक, प्राज्ञिक समुदाय र विध्यार्थीहरुको सहभागिता ।
- गरिब विद्यार्थीहरुलाई पनि उच्च शिक्षामा पहुँच भावनाको विकास ।

## ५.४ क्याम्पसमा सामाजिक सहभागिताको योजना (Plan for Increased Involvement of the Society in the Campus)

- समाजमा उल्लेखनीय योगदान पुयाउने नागरिक समाज, उद्योगी, व्यवसायी, कानून व्यवसायी, समाजसेवी र राजनीतिक दलका प्रतिनिधिहरुलाई क्याम्पसको सञ्चालक समितिमा मनोनयन गर्ने ।
- उद्योगी व्यवसायी तथा समाजसेवीबाट क्याम्पसको भौतिक पूर्वाधारको लागि आर्थिक स्रोत जुटाउन आग्रह गर्ने ।
- स्थानीय निकाय, सरकारी तथा गैरसरकारी संस्थाहरुबीच सहकार्य गर्ने ।
- विद्यार्थी युनियनका अध्यक्षलाई क्याम्पस सञ्चालक समितिमा पदेन सदस्यका रुपमा सहभागी गराउने ।
- अछाम बहुमुखी क्याम्पसका भूतपूर्व विद्यार्थीहरुलाई संगठित Alumni लाई क्याम्पसको समग्र विकासमा सहभागी गराउने ।

# ६. समस्या तथा चुनौतीहरु (Issues and Challenges)

अछाम बहुमुखी क्याम्पस जिल्लाकै अग्रणी शैक्षिक संस्थाको रुपमा विकसित भइरहेको भएता पनि यसका केही विद्यमान समस्या तथा चुनौतीहरु निम्नानुसार छन् :

## ६.१. छोटो अवधिका समस्या तथा चुनौती (Short Terms Issues and Challenges)

- आवश्यकता अनुसार वैकल्पिक उर्जाको अभाव हुनु ।
- आर्थिक श्रोत साधनको अप्रर्याप्तता ।
- शैक्षिक क्रियाकलाप एउटै समयमा सञ्चालन गर्न जनशक्ति कक्षा कोठाको अभाव ।
- गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको अभाव हुनु ।
- विविध  विषय तथा विभिन्न तहमा स्नातकोत्तर तह अध्ययन अध्यापनको अभाव हुनु ।
- आधुनिक सूचना र प्रविधिको प्रयोग तथा पहुँच न्यून रहनु ।
- जिल्ला र बाहिरबाट अध्ययनका लागि आउने विद्यार्थीहरुलाई छात्रवासको अभाव ।

## ६.२ लामो अवधिका समस्या तथा चुनौती (Long Terms Issues and Challenges)

- भौतिक पूर्वाधार तथा उपकरणहरुको अपर्याप्तताः विद्यार्थीहरुको बढ्दो चाप र माग अनुसार कक्षाहरु सञ्चालन गर्नका लागि उपलब्ध पूर्वाधार तथा उपकरणहरु अपर्याप्त छन् । कक्षा कोठा, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, ओभरहेड प्रोजेक्टर जस्ता उपकरणहरु कम पर्न गएको महसुस हुन्छ ।
- दिगो आर्थिक श्रोतको अभाव ।
- प्राविधिक विषय सञ्चालन गर्न नीतिगत समस्याः त्रिभुवन विश्वविद्यालयले प्राविधिक विषय जस्तैः इन्जिनियरिङ, कृषि, नर्सिङ इत्यादि सञ्चालन गर्न अनुमति नदिइरहेकोले गर्दा पूर्णरुपमा गैर प्राविधिक विषयमै निर्भर रहनुपर्ने बाध्यता देखिन्छ ।
- क्याम्पसमा शैक्षिक क्रियाकलाप, शैक्षिक भ्रमणका कार्यक्रम सञ्चालन गर्न आर्थिक अभाव वा सवारी साधनको अभाव ।
- अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्याः यस क्याम्पसले विदेशका कलेज वा विश्वविद्यालयसंग भगिनी सम्बन्ध कायम गर्न र विद्यार्थी तथा प्राध्यापकको शैक्षिक क्रियाकलाप आदानप्रदान मार्फत आफ्ना प्राज्ञिक गतिविधिहरु विकसित गर्न कठिनाई भइरहेको छ।
- विद्यार्थी उत्तीर्ण वरमा उल्लेख्य सुधार हुन नसकेको विभिन्न कारणले हरेक वर्ष अनुत्तीर्ण हुने विद्यार्थीहरुको संख्या न्यून गर्न कठिनाई भइरहेको छ ।
- आन्तरिक तथा दिगो आर्थिक स्रोतको अभाव देखिनु ।
- आर्थिक श्रोत अभावका कारण प्रयाप्त पूर्णकालीन विषयगत प्राध्यापक र आवश्यक मात्रामा कर्मचारी भर्ना गर्न नसकिनु ।
- छात्र/छात्रा वासको व्यवस्था नहुनु ।
- प्राविधिक धारका शिक्षा सञ्चालन  गर्न नसक्नु ।
- आधुनिक पुस्तकालय ई-पुस्तकालय निर्माण हुन नसक्नु ।

- थप भौतिक पूर्वाधार निर्माणका लागि जग्गा खरिद गर्न नसकिएको ।

## ६.३ समस्या तथा चुनौतीहरु न्यूनीकरणका उपायहरु (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)

- यस क्याम्पसको ५ (पाँच) वर्षे रणनीतिक योजना तर्जुमा भई लागु भएको छ । त्यस योजनामा यस क्याम्पसका भौतिक पूर्वाधार तथा विषय व्यवस्थापनका विभिन्न उपायहरु अवलम्बन गरिएका छन् ।
- सरकारी लगानी भित्र्याउने प्रयास भइरहेको छ ।
- राज्यले उच्च शिक्षा सञ्चालनमा आफ्नो जिम्मेवारी लिन नीति तथा कार्यक्रम बनाइ लागु गर्नुपर्ने ।
- बजारको आवश्यकता अनुरुप नयाँ विषयको माग गर्ने ।
- प्राविधिक तथा व्यवसायिक विषयको सम्बन्धनको लागि प्रयास गर्ने ।
- विद्यार्थी उत्तीर्ण दर वृद्धि गर्नका लागि विभिन्न कारणले शैक्षिक क्षतिलाई आपुरण गर्न कमजोर विद्यार्थीहरुको पहिचान गरी थप अतिरिक्त कक्षा सञ्चालन गर्ने ।
- क्याम्पसले पठनपाठनलाई व्यवस्थित बनाउन शैक्षिक क्यालेण्डर बनाई लागू गरिरहेको छ ।
- यस क्याम्पसको विधान अद्यावधिक गर्न र आवश्यक परिमार्जन गर्न क्याम्पस व्यवस्थापन समिति, प्राध्यापक संघ तथा क्याम्पस प्रशासन क्याम्पसमा क्रियाशील विभिन्न विद्यार्थी संघसंगठनहरु र नागरिक समाजका प्रतिनिधिहरु बीच पर्याप्त छलफल गरी दीर्घकालीन समस्या समाधानको उपाय अपनाउने ।

## ६.४ समस्या तथा चुनौतीहरु सम्बोधन गर्ने योजना (Plan for Addressing the Issues and Challenges)

समस्या तथा चुनौतीहरुको सम्बोधन गर्ने योजना (Plan for Addressing the Issues and Challenges) अछाम बहुमुखी क्याम्पस तयार गरेको रणनीतिक विकास योजना समेतलाई सम्बोधन हुने गरी आर्थिक वर्ष २०८०/०८१ लागि निम्न अनुसारका नीति तथा कार्यक्रमहरु तर्जुमा गरेको छ

### ६.४.१ भौतिक पूर्वाधार विकास (Physical Infrastructure Development)

**अ) शैक्षिक भवन निर्माणः** हाल यस अछाम बहुमुखी क्याम्पसमा वर्षेनी विद्यार्थी भर्ना दर बढ्दो क्रममा रहेको र क्याम्पसमा स्नाकोत्तर तह एमएड र एमविएस कक्षाहरु समेत सञ्चालनमा रहेको अवस्था समेतलाई मध्यनजर गर्दै र क्याम्पसमा उपलव्ध भौतिक पूर्वधार अन्तर्गत शैक्षिक प्रशासनिक भवनको अपर्याप्ता रहेकाले क्याम्पसको शैक्षिक प्रशासनिक भवन निर्माणका लागि यसै शैक्षिक सत्रबाट निर्माणाधिन भवनको निर्माण गरिएको Drawing, Design & Estamet अर्न्तगत भुइ तलाको कार्य सञ्चालन पूरा भइ पहिलो तलाको निर्माण कार्यको

ठेक्का भइसकेको र दोश्रो तलाको भवन निर्माण तथा तला थपका लागि विश्वविद्यालय अनुदान आयोगमा प्रस्तावना पेश गर्ने ।

- विभिन्न कक्षाकोठाहरुमा प्रयोग गरिएका पुराना काठका फर्निचरहरुको मर्मत गरिने छन् । E–Library/कम्प्युटर ल्याबको लागि आवश्यक पर्ने थप कम्प्युटर तथा मेसिनरी सामानहरु खरिद गरिने छन् ।
- क्याम्पसको पर्यावरणलाई स्वच्छ राख्नको क्याम्पस क्षेत्रभित्र प्लाष्टिक रहित बनाउने र वृक्षारोपणको कार्यलाई निरन्तरता दिइने छ ।
- क्याम्पसमा सञ्चालित चमेना गृह (क्यान्टीन) को विस्तार गरिने छ ।
- छात्रावास भवनको दास्रोतला थप्न पहल गर्ने र पहिलो तलालाई बस्नयोग्य बनाई प्रयोगमा ल्याइने छ ।

**आ) सभाहल** :यस अछाम बहुमुखी क्याम्पसको सभाहलमा विभिन्न कार्यक्रम सञ्चालन गर्नका निमित्त आधुनिक साउन्ड सिस्टम र उच्च गतिको इन्टरनेट जडान गर्ने तत्कालिन योजना रहेको छ ।

**इ) सि.सि.क्यामेरा र मल्टीमिडिया जडान** : त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुको परिपत्र समेतलाई मध्ये नजर गदै यसै शै.स.देखि प्रत्येक कक्षाकोठामा सि.सि.क्यामेरा जडान गर्ने र क्याम्पसको शिक्षण सिकाई क्रियाकलापलाई आधुनिक सुचना प्रविधि मैत्रि बनाउन प्रत्येक कक्षाकोठामा प्रोजेक्टर जडान गर्ने कार्य योजना रहेको छ ।

**ई) चमेना गृह भवन निर्माण** :यस अछाम बहुमुखी क्याम्पसको आफ्नै चमेना गृह रहेको र उक्त चमेना गृह घर बाहलमा लिई सञ्चालन मा रहेकोले आगामी बर्ष आफ्नै छुट्टै भवन निर्माण गरी व्यवस्थित रुपमा सञ्चालन गर्ने योजना रहेकोछ ।

### ६.४.२ प्राज्ञिक उत्कृष्टताको लागि संस्थागत क्षमता तथा निकाय विकास (Institutional Capacity and Faculty Development for Academic Excellence)

- प्राज्ञिक विभागहरुलाई शैक्षिक कार्यतालिका, विभागीय अनुसन्धान तथा प्रकाशन र विद्यार्थीहरुलाई अनुसन्धानमूलक कार्यमा सहभागी गराउनमा विभागीय प्रमुखहरुलाई अभिप्रेरित गरिने छ ।
- विश्वविद्यालय अनुदान आयोग अन्तर्गत प्राध्यापकहरुको स्तरोन्नतिका लागि विभिन्नअनुसन्धानात्मक क्रियाकलापलाई निरन्तरता दिइने छ ।
- प्राध्यापकहरुको शैक्षिक योग्यता र क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरुको पठनपाठनलाई अवरोध नहुने गरी आवश्यकता अनुसार प्राध्यापकहरुलाई M.Phil., Ph.D. र अन्य अनुसन्धानमूलक कार्य गर्न सहयोग गरिने छ ।
- विद्यार्थीहरुको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्नको लागि पठनपाठनको कार्यलाई समयमै सम्पन्न गर्न लगाउने र पटक-पटकत्रि.वि. को परीक्षा सञ्चालनको कारण समयमै विद्यार्थीहरुको पठनपाठन समाप्त नहुने भएकोले सो कार्यलाई न्यूनिकरण गर्नसार्वजनिक विदा तथा शनिवार समेत अतिरिक्त समयमा कक्षा सञ्चालन गरी सो समस्या समाधान गर्ने र साथै अतिकमजोर विद्यार्थीहरुका लागि विशेष समयमा कक्षा सञ्चालन गरी पठनपाठनको व्यवस्था गरिने छ ।

- क्याम्पसको शैक्षिक गुणस्तर सुधार गर्ने गरी अध्यापन शुरु भएको तीन महिना भित्र ल्याकत परीक्षा लिने र यसमा देखिएका कमी-कमजोरीहरुलाई सुधार गरि विद्यार्थीहरुको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्ने उद्देश्यले सञ्चालनमा आएको आन्तरिक परीक्षालाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- प्रत्येक संकाय र तहमा हुने गरेको विद्यार्थीहरुको दैनिक हाजिरीलाई थप व्यवस्थित गरिने छ ।
- नयाँ भर्ना हुने विद्यार्थीहरुलाई क्याम्पसको शैक्षिक क्यालेण्डर अनुसार प्रवेश परीक्षामा सहभागी गराई यथाशीघ्र भर्ना गर्न लगाउने र समयमै कक्षा सञ्चालन गरी पठनपाठनलाई व्यवस्थित गर्न लगाईने छ ।
- गुणस्तर सुधारको लागि अतिथी प्राध्यापक आमन्त्रण गरी पठनपाठनको व्यवस्था गर्ने कार्यलाई विशेष प्राथमिकतामा  राखिएको छ ।
- प्राध्यापक तथा कर्मचारीहरुलाई विभिन्न विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरुको अवलोकन भ्रमण गराईने छ ।
- Multi–media Projector बाट कक्षा सञ्चालन गर्न आवश्यक प्रोजेक्टर र अन्य विद्युतीय उपकरणहरु खरिद गरि जडान गरिने छ ।
- प्रशासनिक कार्यलाई छिटो छरितो तथा सर्वसुलभ बनाउन Computer Software लाई व्यवस्थित गरिने छ।

**६.४.३ गुणस्तर सुनिश्चितता तथा प्रत्यायान (Quality Assurance and Accreditation)**

विश्वव्यापीकरणको परिवेशलाई आत्मसात गर्दै उच्च शिक्षाद्धारा दीगो विकासको लक्ष्य पूरा गर्न बजार उन्मुख, सिपमूलक, दक्ष जनशक्ति विकास गराउनु आजको राष्ट्रिय आवश्यकता रहेको छ । उच्च शिक्षा प्रदान गर्ने संस्थाको दीगो विकास, विस्तार र सुसञ्चालन बाट मात्र उच्च शैक्षिक अध्ययन, अध्यापन र अनुसन्धान सम्पन्न भै देशलाई रुपान्तरण गर्न सक्ने दक्ष जनशक्तिको उत्पादन भै देशको चौतर्फी विकासका लक्ष्यहरु हाँसिल हुन सक्दछन् । यसका लागि क्षमता र योग्यताका आधारमा उच्च शिक्षा हाँसिल गर्न सबै विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्नु, गुणस्तर र सान्र्दभिकतामा अभिवृद्धि गर्नु, अनुसन्धान उन्मुख उच्च शैक्षिक संस्कृतिको विकास गरी शैक्षिक संस्थाहरुको सञ्चालन मा सुशासन कायम गर्नु, अध्ययन अध्यापन र अनुसन्धानका लागि अनुकूल वातारण निर्माण गर्नु जस्ता चुनौतीपूर्ण कार्यहरु क्याम्पसको अगाडि रहेका छन् । यीनै विषय वस्तुलाई आत्मसात गर्दै विश्वविद्यालय अनुदान आयोगले देश भित्र संचालित उच्च शिक्षा संस्थाहरु गुणस्तरका न्यूनतम मापदण्ड पूरा गरी संचालित छन् भन्ने सुनिश्चितताको प्रयोजनार्थ विश्वविद्यालय अनुदान आयोगले संस्थागत प्रत्यायन प्रणाली लागू गरेको छ । यसै कार्यक्रम अन्र्तगत हाम्रो क्याम्पस पनि उक्त गुणस्तर सुनिश्चितता तथा प्रत्यायान (QualityAssurance and Accreditation) प्रक्रियामा रहेकाले उक्त QAA कार्यक्रमका मापदण्ड पूरा गरी चालु बर्ष भित्र क्याम्पसलाई QAA प्राप्त क्याम्पसको रुपमा विकास गर्नुपर्ने चुनौती पूर्ण जिम्मेवारी क्याम्पसको अगाडि रहेको छ र यस कार्यलाई सार्थक तुल्याउन क्याम्पसको साधन, स्रोत, जनशक्ति र समुदायको उल्लेखनीय जनसहभागितामा उक्त कार्यक्रम सम्पन्न गर्ने मूल लक्ष्य एवं कार्यक्रम रहेकोछ । यस कार्यक्रम अन्र्तगत विश्वविद्यालय अनुदान आयोग अन्र्तगत QAA Division द्धारा Pre-Assement Visit को कार्य सम्पन्न भै सकेको र यसै शैक्षिक सत्र भित्र QAA कार्यक्रम अन्र्तगतका Final Visit कार्यक्रम भइसकेको छ । QAA Certified Collage को रुपमा मान्यता पाउन अन्तिम प्रक्रियामा रहेको छ ।

**६.४.४ प्राज्ञिक स्वायत्तता र कार्यक्रम विस्तार (Academic Autonomy and Program Extension)**

समय अनुकूलको प्राविधिक शिक्षाको मागलाई मध्यनजर गर्दै यस क्याम्पसले चालू आर्थिक वर्षदेखि देखि कृषि विज्ञान र कम्प्युटर सूचना प्रणालीमा (CSIT) स्नातक तहका कार्यक्रमहरु सञ्चालन गर्नको लागि सम्बन्धित निकायमा पहल गरिने छ

- क्याम्पसको बाह्य सम्बन्ध विस्तार गर्नको लागि स्वदेशी तथा विदेशी अनुसन्धान केन्द्र र विश्वविद्यालयसंग सहकार्य गरिने छ ।
- **स्नातकोत्तर तहमा थप कार्यक्रम :** यस क्याम्पसमा स्नाकोत्तर तह एम.एड.अर्न्तगत नेपाली र ई.पि.एम.कार्यक्रम सञ्चालन मा रहेको र आगामी वर्ष त्रिभुवन विश्वविद्यालयद्धारा थप कार्यक्रम स्वीकृतिको लागि सूचना जारी भएको खण्डमा एम.एड.अर्न्तगत स्वास्थ्य, जनसंख्या र अंग्रेजी विषयका थप कार्यक्रम विस्तार गर्ने तत्कालीन लक्ष्य रहेकोछ ।
- **मानविकी संकाय थप सम्बन्धमा :** यस अछाम बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र संकाय, व्यवस्थापन संकायका कार्यक्रम मात्र सञ्चालनमा रहेकाले यसै शैक्षिक सत्रबाट मानविकी संकाय थपका लागि मानविकी संकाय डीनको कार्यालयसँग समन्वय गरी संकाय थपका लागि विशेष पहल गरिने योजना रहको छ ।
- **प्राविधिक शिक्षालय निर्माण :** यस क्याम्पसको आयोजनामा अछाम शैक्षिक एवं धार्मिक महोत्सव-२०७३ मा प्राविधिक धारका कक्षा सञ्चालन  गर्ने प्रतिबद्धता व्यक्त गरे अनुरुप अछाम जिल्लाका कुनै पनि ठाउँमा उच्च तहको प्राविधिक शिक्षालय समेत नरहेको तथा जिल्लामै धेरै विद्यालयहरुमा Isc.Ag. का कार्यक्रमहरु सञ्चालन मा रहेकाले जिल्ला सदरमुकाममा अवस्थित यस अछाम बहुमुखी क्याम्पसमा Bsc.Ag. लगायतका अन्य प्राविधिक धारका विषयको सम्बन्धनका लागि सम्बन्धित विश्वविद्यालयसंग सम्बन्धन स्वीकृतिका लागि पहल गर्ने योजना रहेको छ ।

**६.४.५ विधान कल्याण र अतिरिक्त (Student Weifure and Extra Aetivities)**

- विद्यार्थीहरुको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्न प्रत्येक संकायका विभागीय प्रमुख संग परामर्श गरी आवश्यकता अनुसार पठनपाठन कार्यलाई व्यवस्थित गरिने छ ।
- मासिक रुपमा विद्यार्थी पठनपाठन र क्याम्पसका अन्य शैक्षिक गतिविधिमा सहभागी गराई विद्यार्थीहरुबाट प्राप्त हुने सुझाव तथा उचित गुनासाहरुलाई लागु तथा समाधान गरिने छ।
- यस क्याम्पसमा अध्ययनरत गरीब तथा जेहेन्दार विद्याहरुलाई बढी भन्दा बढी वृत्तिमा सहभागी गराउन छात्रवृति छनोट प्रकृयालाई व्यवस्थित गर्न पहल गरिने छ ।
- विद्यार्थी वित्तीय कोष लगायत अन्य निकायहरुले प्रदान गर्ने छात्रवृत्तिमा स्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई सहभागी गराउने थप प्रयत्न गरिने छ ।
- क्याम्पसको समग्र विकासको लागि भूतपूर्व विद्यार्थी संगठनलाई सक्रियता बढाउन पहल गरिने छ ।
- रोजगारीमूलक एवम् प्रतिस्पर्धात्मक परीक्षाहरुमा विद्यार्थीहरुलाई सहभागी गराउन परामर्शसम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

- न्यूनतम शुल्कमा क्याम्पसको कम्प्युटर ल्याबको क्षमता अनुसार इच्छुक विद्यार्थीहरुलाई कम्प्युटर प्रशिक्षण प्रदान गर्ने व्यवस्था गरिने छ ।
- सामुदायिक सम्बन्ध विस्तार गर्ने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराइनेछ ।
- सीप विकासको लागि अंग्रेजी भाषा, सूचना प्रविधि र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

### ६.४.६ वित्तीय स्रोत विकास तथा व्यवस्थापन (Financial Resource Development and Management)

- विभिन्न व्यक्ति तथा संस्थाहरूबाट क्याम्पसको विकासको लागि आर्थिक तथा अन्य सहयोगका लागि पहल गरिने छ ।
- स्नातक  तथा स्नातोकोतर तहमा विद्यार्थीहरुको भर्ना संख्यामा वृद्धि गर्नको लागि आवश्यक पहल गरिने छ ।
- स्थायी प्राध्यापक तथा कर्मचारीहरुको १ (एक) महिनाको तलब बराबरको रकम उपदान तथा औषधि उपचार कोषमा जम्मा गर्दै जाने व्यवस्थाको लागि पहल गरिने छ ।

### ६.४.७ संस्थागत सुशासन तथा क्याम्पस समुदाय सम्बन्ध (Institutional Governance and Campus Community Relationship)

- प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गत बर्षको आर्थिक र प्राज्ञिक गतिविधिहरु समावेश गरी आर्थिक प्रतिवेदन तयार पारी सार्वजनिक गर्ने कार्य गरिने छ । क्याम्पसको आर्थिक प्रतिवेदनलाई क्याम्पसको वेबसाइटमा राखिने छ ।
- क्याम्पसको विधान अद्यावधिक गरी सो अनुसार क्याम्पस सभा तथा सञ्चालक समितिको गठन गरिने छ ।
- क्याम्पसको आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा समयसापेक्ष रुपमा परिमार्जन गरी लागु गरिने छ ।
- छात्रवृत्ति सम्बन्धी विनियम अद्यावधिक गरी लागु गरिने छ ।
- विभिन्न व्यक्ति तथा संस्थाहरुलाई क्याम्पस सञ्चालनमा सहयोग गर्न र क्याम्पसको तर्फबाट प्राध्यापक तथा कर्मचारी र विद्यार्थीहरुलाई सामुदायिक विकास एवम् सचेतना कार्यमा सहभागी गराउन पहल गरिने छ ।

### ६.४.८ वार्षिक कार्ययोजना तथा बजेट (Annual Work Plan and Budget)

जिल्लाकै सामुदायिक शैक्षिक संस्थाको रुपमा स्थापित यस अछाम बहुमुखी क्याम्पसले शैक्षिक उन्नयनमा विविध चुनौतीहरु पार गर्दै आफ्नो स्थापनाको २६ औ वर्षमा प्रवेश गरेको छ ।साथै गुणस्तर सुधारको लागि सबै सतर्कता अपनाउन पनि जरुरी छ । यसका लागि तालिम, सेमिनार, गोष्ठीमा सहभागी गराई दक्ष बनाउन आवश्यक छ । साथै विशेषज्ञ व्यक्तिहरुलाई क्याम्प गरि समयानुकूल परिवर्तनको लागि सुझाव तथा सल्लाह लिनुपर्ने हुन्छ । सामुदायिक स्तरबाट सञ्चालित यस क्याम्पसको गत आर्थिक वर्षको वार्षिक आय-व्यय लाई आधार मानि आर्थिक वर्ष २०७९/८० को लागि निम्नानुसार वार्षिक बजेटको तर्जुमा गरिएको छ ।

# Annual Work Plan and Budget of Current Fiscal Year (as the strategies plan)

| क्रस | शिर्षकहरुको नाम | २०७९।०८० | २०७९।०८० | २०८०।०८१ |
|---|---|---|---|---|
| | | आय अनुमान | यथार्थ व्यय | आय अनुमान |
| १ | पुँजिगत अनुदान | ४६५००००० /- | १७४३१९८५।८४/- | १९०००००० /- |
| २ | शिक्षण शुल्क | १७५३५८०० /- | १८७१२४०/- | १९८९४५००/- |
| ३ | आजिवन सदस्यता शुल्क | ३००००० /- | - | ३००००० /- |
| ४ | परीक्षा सञ्चालन तथा व्यवस्थापन अनुदान | ११३४००० /- | ८२८५६४/- | ७७०००० /- |
| ५ | हल भाडा | ४७०००० /- | - | २६५००० /- |
| ६ | बैक व्याज | ७३४५० /- | - | ३९८५०० /- |
| ७ | विविध | २३५५०० /- | २७३२०६२/- | २५१००० /- |
| ८ | तलब तथा भत्ता | - | ११९३४२५२/- | - |
| ९ | कार्यालय सञ्चालन तथा व्यवस्थापन | - | ७५४४३३/- | - |
| | जम्मा | ६६२४८७५० /- | ३५५५२५३७/- | ४०८७९००० /- |